सिभिल बैंक लिमिटेड
# CIVIL BANK LTD.
Class "A" Institution Licensed by Nepal Rastra Bank

Ref. No. CiBL/CS/OGL/77/2021

मिति : २०७८/०९/०८

श्री नेपाल स्टक एक्स्चेन्ज लि.
युएनआई शान्ति मार्ग,
भद्रकाली, काठमाण्डौं ।

**विषय : वार्षिक साधारण सभा तथा शेयर कारोवार बन्द (Book Close) सम्बन्धमा ।**

**महोदय,**

उपर्युक्त सम्बन्धमा यस बैंकको मिति २०७८ साल पौष महिना ८ गते साँझ ५ बजे बसेको संचालक समितिको ३६८ औं बैठकको निर्णय अनुसार बैंकको एघारौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको व्यहोरा अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, सयय र स्थान :**

सभा हुने मिति : २०७८ साल पौष महिना ३० गते (तदनुसार १४, जनवरी, २०२२ ) शुक्रबार ।
स्थान : अम्रापाली ब्याङ्केट, बालुवाटार, काठमाण्डौं
सभा शुरु हुने समय : बिहान ११.०० बजे ।

बैंकको एघारौं वार्षिक साधारण सभा तथा बोनश शेयर र नगद लाभांश वितरण प्रयोजनको लागि मिति २०७८।०९।२० गते एकदिन बैंकको शेयरधनी दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८।०९।१९ गतेसम्म कारोबार भई शेयर खरिद गर्नु भई नियमानुसार निजहरुको नाममा नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा बोनश तथा नगद लाभांश पाउन योग्य हुनुहुन्छ ।

**बोधार्थ**
१. श्री धितोपत्र बोर्ड नेपाल
खुमलटार, ललितपुर ।

२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक,काठमाण्डौं ।

**संलग्न:**
साधारण सभासम्बन्धी सूचना थान -१

CIVIL BANK

भवदीय,

..................
हिरा काजी बस्नेत
कम्पनी सचिव

An ISO 9001:2015 Certified Financial Institution
Reg. No.: 1247/067/068
Head Office:
Civil Trade Center (CTC), Sundhara-11, Kathmandu, Nepal,
P.O. Box 9799 | SWIFT Code: CIVLNPKA
Tel No.: 4251087, 4251015 | Fax: 4251036
Email: info@civilbank.com.np
Web: www.civilbank.com.np

**सिभिल बैंक लिमिटेडको**
एघारौं वार्षिक साधारण सभासम्बन्धी
**सूचना**

यस बैंकको मिति २०७८/०९/०८ गते बसेको संचालक समितिको ३६८ औं बैठकको निर्णयानुसार बैंकको एघारौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उल्लेखित मिति, स्थान र समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

| | |
|---|---|
| सभा हुने मिति | : २०७८ साल पौष महिना ३० गते (तदनुसार १४, जनवरी, २०२२ ) शुक्रबार । |
| स्थान | : आम्रपाली ब्याङ्केट, बालुवाटार, काठमाण्डौ |
| सभा शुरु हुने समय | : विहान ११.०० बजेदेखि ।<br>**(कोभिड १९ महामारीको जोखिमका कारण साधारण सभा भिडियो कन्फ्रेन्सबाट समेत संचालन हुने भएकोले शेयरधनी महानुभावहरुलाई Meeting को ID तथा Passcode उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)** |

**वार्षिक साधारण सभाको छलफलको विषयहरू :**

(क) साधारण प्रस्तावहरुः

१. अध्यक्षज्यूको प्रतिवेदन सहित संचालक समितिको वार्षिक प्रतिवेदन २०७७/०७८ पारित गर्ने ।

२. आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक NBSM & Company पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ को मुनाफाबाट कर प्रयोजनको लागि प्रतिशेयर ०.२६% का दरले हुन आउने रु.२,२७,४६,४७५।९२ (अक्षरेपी दुई करोड सत्ताइस लाख छयालिस हजार चार सय पचहत्तर रुपैया बयानब्बे पैसा मात्र) लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ५.००% का दरले हुन आउने रु.४३,२१,८३,०४२।४० ( अक्षरेपी त्रिचालिस करोड एक्काइस लाख त्रियासी हजार बयालीस रुपैया चालीस पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. सिभिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिन ( मर्जर ) वा प्राप्ति ( एक्विजिसन ) गर्न/हुन वा स्वदेशी/विदेशी रणनीतिक साझेदारीमा जान आवश्यक सहमती र सम्झौता गर्ने लगायत प्रचलित नियम, कानून अनुसार बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न बैंक संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**पुनश्च** : सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव, साधारण सभासम्बन्धी जानकारी, प्रोक्सी फारम र प्रवेशपत्र यस बैंकको केन्द्रीय कार्यालय सुन्धारा, काठमाण्डौमा वा बैंकको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा काठमाण्डौमा आई निरीक्षण गर्न वा प्राप्त गर्न सकिनेछ । संक्षिप्त आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन लगायत साधारण सभामा पेश हुने प्रस्तावहरु बैंकको website: www.civilbank.com.np बाट जानकारी प्राप्त गर्नु हुन सम्बन्धित शेयरधनीहरुमा अनुरोध छ ।

CIVIL BANK

**सञ्चालक समितिको आज्ञाले,**
हिरा काजी बस्नेत
कम्पनी सचिव